# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०४।०४ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा।

---

गोलबजार नगरपालिका, सिरहाका सब-इन्जिनियर उमा श्रेष्ठले शौचालय निर्माणको भुक्तानी दिन सहज गराई दिए बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास, महोत्तरीबाट खटिई गएको टोलीले निज सब-इन्जिनियर उमा श्रेष्ठलाई सेवाग्राहीसँग रू.५०,०००।—(पचास हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा गोलबजार नगरपालिका वडा नं. ७ पुरानो चोहर्वा बसपार्क स्थित अशोक साहको होटलबाट मिति २०७६।०४।०३ गते उक्त रकम सहित रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता